घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ३६औं बैठकको निर्णयहरु

मिति २०८१।७।३०

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८१।६।२० गते बसेको गाउँ कार्यपालिकाको ३५औं बैठकमा १३ वटा निर्णयहरु भएकोमा निर्णय नं. २ अनुसार बसपार्क सञ्चालनको लागि यस कार्यालय र जोमसोम निवासी श्री सुरेश शेरचन सँग भएको दुईपक्षिय सम्झौता तोडिएको र सम्झौता बमोजिम निजले बुझाउनु पर्ने अपुग रकम दाखिला गर्नका लागि पत्राचार भएको, मुक्तिनाथ अन्नदान क्षेत्र अतिथि भवन पूर्वाधार निर्माण र मार्फा-छैरो बेलीबृज निर्माणको लागि e-bidding साथै सार्वजनिक सूचना प्रकाशन भएको अन्य निर्णयहरुमा विपद्बाट भएका स-साना विपद् क्षतिहरुको मर्मत संभार का कार्यक्रमहरु साथै अन्य मर्मत संभारका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

घर नक्सा सम्बन्धी मापदण्डको कार्यविधि, २०७५को कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

गाउँपालिकाले तयार गरेको घर नक्सा सम्बन्धी मापदण्डको कार्यविधि, २०७५को कार्यान्वयन सम्बन्धमा छलफल हुँदा गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाबाट नक्सा स्वीकृत नगराई भवन निर्माणको कार्यहरु भई रहेको पाईएकोले सम्बन्धित वडाले निगरानी बढाउनु पर्ने साथै नक्सा स्वीकृत नगराई निर्माण कार्य भएको पाईएकोमा त्यस्ता घरधनीलाई वडाबाट प्रवाह हुने सबै प्रकारका सेवा सुविधा लगायत सिफारिसहरु उपलब्ध नगराउने साथै जग्गाधनी पुर्जा नभएको जग्गामा व्यक्ति वा संघसंस्थाहरुलाई कुनै किसिमको घर टहराहरु निर्माणमा बन्देज लगाउने गरी व्यवस्था गर्न वडाहरुलाई पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

सडक बोर्डको योजना छनौट सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

सडक बोर्ड नेपालको च.नं.४३९ मिति २०८१।६।१३ गतेको प्राप्त पत्र अनुसार स्वीकृत बजेट रु.१५,००,०००।- र गाउँपालिकाको समपुरक रकम रु.३,७५,०००।- गरी जम्मा रु. १८,७५,०००।- बाट तपसिल बमोजिमका स्थानीय सडक मर्मत संभारका कार्यहरुको प्रस्ताव

निर्णय प्रमाणित
०८१/०७/३०

तयार गरी सडक बोर्ड नेपालमा पठाउने सर्वसम्मत निर्णय गरियो । साथै यस गाउँपालिकाबाट समपुरक गरिने बजेट रु.३,७५,०००।- यस पालिकाको आवश्यकतामा आधारित अन्य पूर्वाधार निर्माण शिर्षकबाट खर्च गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | सडकहरु नाम | ठेगाना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | मार्फा तल्लो गेट देखि माथिल्लो गेट हुनै धवाङ सम्मको सडक मर्मत | २ नं. वडा, मार्फा | ७,००,०००।- | |
| २ | ढुक्चे देखि होमस्टे गेट हुँदै माथिल्लो स्याङ गाउँ जाने सडक मर्मत | ३ नं. वडा, स्याङ | ३,७५,०००।- | |
| ३ | रिङरोड देखि घरपझोङ किल्ला जाने सडक मर्मत | ५ नं. वडा, घरपझोङ किल्ला | ८,००,०००।- | |
| | **जम्मा** | | **१८,७५,०००।-** | |

**प्रस्ताव नं. ४ :-**

आ.ब. २०८०।८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI) र लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB) सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

गाउँपालिकाको चालु आ.ब. को स्वीकृत कार्यक्रम अनुसार सस्टेनेबल कम्यूनीटी एकाउन्टबिलिटी रिसर्च सेन्टर वेशीशहर, लम्जुङले यस गाउँपालिकाले गत आ.ब. २०८०।८१ मा सम्पादन गरेका कामको आधारमा परीक्षण गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI) र लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB) को प्रारम्भिक प्रतिवेदन यस बैठकमा प्रस्तुतिकरण तथा छलफल सम्पन्न भयो ।

**प्रस्ताव नं. ५ :-**

खासस्व/वास कार्यक्रमको तथ्याङ्क संकलकको नियुक्ति र सेवा सुविधा सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभाग तथा गण्डकी प्रदेश, उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय एवम् घरपझोङ गाउँपालिका मुस्ताङ बीच भएको समझदारी-पत्र बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नका लागि कार्यक्रमबाट उपलब्ध गराईएको तथ्याङ्क संकलकको कार्य विवरण (TOR) अनुसार कामकाज गर्ने गरी प्राविधिक विषयमा कम्तिमा प्लस टु वा सो सरहको तह उत्तिर्ण गरि प्राविधिक क्षेत्र वा सामाजिक विकासमा कम्तिमा एक बर्ष काम गरेको अनुभव भएका चौथो तह सरहको सेवा सुविधा पाउने गरी तथ्याङ्क संकलकको करार नियुक्तिका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो । कार्यक्रमबाट उपलब्ध हुने रु.१,५०,०००।- बाट निजको सेवा सुविधामा अपुग हुने भएमा उक्त अपुग रकम गाउँपालिकाको करार सेवा शिर्षकबाट उपलब्ध गराउने समेत सर्वसम्मत निर्णय गरियो । नियुक्तिका प्रक्रियाहरु गाउँपालिकामा करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित) बमोजिम गर्ने ।

निर्णय प्रमाणित,

०८१।०६।३०

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ६ :-**

कार्यालय सहयोगी नियुक्ति सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

गाउँ कार्यपालिकाको कार्यालयलाई एक जना कार्यालय सहयोगी आवश्यक परेको हुँदा, एक जना महिला खाना पकाउन जान्ने कार्यालय सहयोगी करार नियुक्तिका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो । साथै निजको सेवा सुविधा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्रेणीविहिन प्रथमस्तरले पाउने मासिक सेवा सुविधा सरह उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

पर्यटन सूचना केन्द्र सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

जोमसोम पक्की पुल नजिक गाउँपालिकाले निर्माण गरेको पर्यटन सूचना केन्द्रको दुई कोठा मध्ये एक कोठामा सूचना केन्द्र व्यवस्थापन गर्ने । उक्त सूचना केन्द्रमा गाउँपालिकाका सबै किसिमका जानकारी दिने खालका सूचनाहरु व्यवस्थापन गरी राख्ने र दुई कोठा बिचमा पार्टीसन गरी अर्को कोठामा गाउँपालिकाले स्वीकृति दिएका स्थानीय उत्पादनहरु मात्र बेचबिखन गर्ने गरी कोशली घर सञ्चालन गर्ने निर्णय गरियो । उक्त कोशेली घर सञ्चालन गर्नका लागि ईच्छुक व्यक्ति वा संस्थाहरुबाट आवेदन आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने साथै आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी कोशली घरको मासिक न्युनतम् भाडा दर रु.५,०००।- कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

स्मार्ट शौचालय सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

गाउँपालिकाले जोमसोम एयरपोर्ट पुथाङमा निर्माण गरेको स्मार्ट शौचालय सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा, उक्त स्मार्ट शौचालय सञ्चालन गर्ने गरी त्यस माथि बनेको कोठा भाडामा लगाउने सर्वसम्मत निर्णय गरियो । साथै शौचालयको अगाडी पट्टीको भाग लाई नछोप्ने र कुरुप नबनाउने गरी भाडा कबुल गर्ने व्यक्ति वा संस्थाले आवश्यक ठानेमा सानो टहरा बनाउन पाउने साथै शौचालयहरु सशुल्क रुपमा सञ्चालन गर्नु पर्ने भएकोले पिसाब गरेको : रु.५।- र दिसा गरेको : रु.१०।- भन्दा बढी नलिने । आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी शौचालय भन्दा माथि रहेको एक कोठाको मासिक न्युनतम् भाडा दर रु.५,०००।- कायम गर्ने र निवेदन आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८१/०६/३०

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ९ :-**

गाउँपालिकाको सभाहलमा A.C. जडान गर्ने सम्बकन्धमा ।

**निर्णय नं. ९ :-**

विपद् व्यवस्थापन तर्फको बजेटबाट खरिद भई जडान गर्न बाँकि कार्यालयमा रहेको एक थान Air Conditioner गाउँपालिकाको सभाहलमा जडान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

एम्बुलेन्स चालकको सेवा सुविधा सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस गाउँपालिकाले सञ्चालन गरेको एम्बुलेन्सले बिरामी लिएर जिल्ला बाहिर जाँदाको समयको तोकिएको भाडा दरको २०% ले हुने रकम एम्बुलेन्स लिएर जाने सवारी चालकलाई खाना, खाजा र बास खर्च वापत उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

विभिन्न पत्रहरुका सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.८८ मिति २०८१।६।१४, च.नं.१२०, मिति २०८१।६।१५, च.नं.५८, मिति २०८१।६।२९, च.नं.११२ मिति २०८१।७।८ र च.नं.११३, मिति २०८१।७।८ गतेको पत्रहरु बैठकमा पेश भई जानकारी भयो र पत्रमा उललेख भए अनुसार कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो । साथै जोमसोम खानेपानी तथा सरसफाई उपभोक्ता समितिको पाईप माग गरेको पत्रको सम्बन्धमा खानेपानी, जलश्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, जोमसोममा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।
०८१।०८।२०